# अर्थतन्त्रको वर्तमान अवस्था
# र
# आर्थिक वृद्धि तथा समतामुलक समाज निर्माणका लागि पुनर्संरचना रणनीति

– रामेश्वरप्रसाद खनाल

## पृष्ठभूमि

सबै वर्ग, जाती तथा समुदायका हजारौं नेपालीको वलिदानी संघर्षले नेपाल अहिले नयाँ यात्राको प्रारम्भ विन्दुमा छ । एक दशक लामो जनयुद्धले सामन्ती संस्कारको अन्तिम स्तम्भ ढाल्न सफल मात्र भएन सबै भुभागमा व्यापक जनचेतना जगायो । सबै तप्काका नागरिकले सामाजिक, आर्थिक तथा राजनैतिक जीवनमा आफ्नो भूमिका दावी गरेका छन्, आफ्नो पहिचान खोजेका छन् । कतिपय अवस्थामा यस्ता मांग ध्वशांत्मक तरिकाले व्यक्त हुन पुगेको हुँदा विदेशी पर्यवेक्षकहरुले वर्तमान संक्रमण व्यवस्थापन गर्न कठीन हुने आंकलन पनि गरेका छन् । तर यस्तो संक्रमणमा पनि नेपालले ठूला उपलब्धिहरु हासिल गर्न सफल भएको छ । अत्यन्तै समावेशी प्रकृतिको संविधान सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ; जटिल भन्दा जटिल समस्या पनि वार्ता र सहमतिका आधारमा समाधान गर्ने संस्कृतिको विकास भएको छ; सेना समायोजनमा ठोस पहल भएको ; र सवैभन्दा महत्वपूर्ण त यस्तो जटिल संक्रमणकालमा समग्र अर्थतन्त्र गतीशील रहेको छ ।

राजनैतिक विकासक्रमका साथ साथै नयाँ सरकारले उच्च आर्थिक वृद्धि र समतामुलक/ समावेशी विकासको महत्वाकांक्षी लक्ष्य अगाडी सारेको छ । एकातिर लगानीको वातावरणमा गुणात्मक परिवर्तन ल्याउनु छ, भौतिक पूर्वाधारमा विस्तार ल्याउनु छ, उर्जा संकट निवारण गर्नु छ, कामदारको सीप अभिवृद्धि गर्नु छ भने अर्कोतिर तत्कालै ठूलो संख्यामा रोजगारीको अवसरको सिर्जना पनि गर्नु छ ।

प्रस्तुत कार्यपत्रमा उच्च आर्थिक वृद्धि, सामाजिक न्याय र रोजगारी सिर्जनाको लक्ष्य हासील गर्न कस्तो आर्थिक पुनर्संरचना गर्नु आवश्यक छ भन्ने चर्चा गर्न खोजिएको छ । तर विषयमा प्रवेश गर्नु पुर्व वर्तमान आर्थिक स्थितिका बारेमा संक्षिप्त चर्चा गर्नु उपयुक्त हुनेछ ।

## अर्थतन्त्रको वर्तमान अवस्था र उदीयमान चुनौतीहरु

नेपालको प्रति व्यक्ति आय जुन ४७० अमेरिकी डलर बराबर रहेको अनुमान छ, यो विश्वमै अत्यन्तै कम मध्येको हो । २०५८ साल अघिका ५ वर्षमा नेपालले सरदर ५ प्रतिशतको हाराहारीमा वार्षिक आर्थिक वृद्धि हासिल गर्न सकेको थियो भने त्यसपछिको ५ वर्षमा आर्थिक वृद्धिदर सरदर ३ प्रतिशत भन्दा कम रहन गयो । शान्ति बहाली पछिको पहिलो वर्षमै आर्थिक वृद्धिदर ५.६ प्रतिशत (उत्पादक

मुल्यमा ४.७ प्रतिशत) पुग्यो । चालु आर्थिक वर्षमा ७ प्रतिशत वृद्धिदरको लक्ष्य राखिएकोमा उर्जा सङ्कट गहिरिंदै गएको, औद्योगिक शान्ति कायम हुन नसकेको, निजी लगानी अपेक्षा गरिए अनुसार बढ्न नसकेको, विश्वव्यापी आर्थिक मन्दीको प्रभाव विस्तारै पर्न सक्ने सम्भावना देखिएको आदि कारणले गर्दा चालु आर्थिक वर्षमा अपेक्षित आर्थिक वृद्धि हासिल हुन सक्दैन कि जस्तो देखिन आएको छ ।

## मुल्यस्थिति

गत आर्थिक वर्षको पुर्वाद्वदेखि उकालो लाग्न थालेको मुल्यवृद्धिको दरमा अझै कमी आउन सकेको छैन । उपभोक्ता मुल्य सूचीका आधारमा मापन गरिने नेपालको मुल्य सूचीमा अन्तरराष्ट्रिय बजार र खासगरी भारतीय थोक मुल्यसूचीमा आएको ह्रासको अझै प्रभाव नपरिसकेको स्पष्ट देखिएको छ । तथापि हालको १४.५ प्रतिशतको मुल्यवृद्धि दर घटेर असार मसान्तसम्ममा ११ प्रतिशतमा झर्न सक्ने अनुमान रहेको छ । बजारमा देखिएको कार्टेलिङ्ग जस्ता बजार विकृत्तिहरुलाई नियन्त्रण गरी मुल्यस्थितिमा सुधार ल्याउन सरकार क्रियाशील रहेको छ ।

## सरकारी वित्त

नेपाल सरकारको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको हालसम्ममा ३८ प्रतिशतको हाराहारीमा रहेको छ । त्यसैगरी वैदेशिक सहायताको परिचालन र उपयोग दुवैमा उत्साहजनक वृद्धि भएको छ । चालु आर्थिक वर्षको हालसम्म रु. ४० अर्ब भन्दा बढीको वैदेशिक सहायता परिचालनको लागि सम्झौता सम्पन्न भैसकेको छ भने अनुदान रकम प्राप्तीमा गत आर्थिक वर्षको तुलनामा ५० प्रतिशतले र वैदेशिक ऋण प्राप्तिमा ११ प्रतिशतले वृद्धि भएको छ । एकातिर स्रोत परिचालनको स्थिति अत्यन्तै उत्साहजनक छ भने अर्कोतिर सरकारी खर्चको स्थिति त्यति सन्तोषजनक रहेको छैन । चालु खर्चको वृद्धि दर हालसम्म २२ प्रतिशतको हाराहारीमा रहेको छ भने पूँजीगत खर्चको वृद्धिदर गत वर्षको तुलनामा ऋणात्मक रहेकोछ । ढीला बजेट पेश भएको कारणले पनि पूँजीगत खर्चका कमी आउन गएको हो भने सरकारी संयन्त्रको कार्यान्वयन क्षमतामा समुचित सुधार आउन नसक्नु अर्को प्रमुख कारणको रुपमा रहेको छ ।

## मौद्रिक स्थिति

चालु आर्थिक वर्षको प्रारम्भमै मुद्रास्फितिलाई नियन्त्रण गर्न र अत्यधिक तरलताको कारणले सम्पत्ति बजार (खासगरी घरजग्गा र धीतोपत्र बजार) मा हुन सक्ने अत्यधिक सट्टाबजारी हुन नदिन मौद्रिक नीतिमा केही कडा रुख अवलम्बन गरियो । तथापि बजारमा पर्याप्त तरलता विद्यमान छ र व्याजदर बढ्न सकेको छैन । सरकारी ऋणपत्रको व्याजदर सरदर ५ प्रतिशत मात्र रहेको छ । निक्षेपकर्ताले पाउने व्याजदर यथार्थमा ऋणात्मक रहन गएको छ । निजी क्षेत्रमा जाने कर्जा प्रवाहमा सामान्य वृद्धि मात्रै देखिएको छ ।

## वित्तीय क्षेत्र

समग्रमा वित्तीय क्षेत्रको स्थिति सन्तोषजनक रहेपनि घरजग्गा कारोवार र धितोपत्र कारोवारमा बैंक तथा वित्तीय संस्थाको बढी लगानी प्रवाहित हुन जाँदा उत्पन्न हुन सक्ने संकटलाई ध्यान दिई सावधानी अपनाउन लगाइएको छ । नेपाल राष्ट्र बैंकले बैंकहरुलाई पालना गर्न लगाएको तत्काल सुधार कार्ययोजना (Prompt Corrective Action) ले वित्तीय क्षेत्रलाई सुदृढ बनाउने विश्वास लिइएको छ । खासगरी सरकारी पूर्ण स्वामित्वका दुई बाणिज्य बैंकहरुको स्थितिमा अझै सुधार ल्याउन बाँकी छ ।

## वाह्य क्षेत्र

चालु आर्थिक वर्षमा निर्यातको वृद्धि दर उच्च रहेपनि व्यापार घाटा अझै पनि वार्षिक कुल गार्हस्थ उत्पादनको तुलनामा १९ प्रतिशत जति रहन जाने देखिन्छ । तत्कालै ठूलो निर्यात वृद्धिका सम्भावनाहरु कमै छ भने आयस्तर र विप्रेषण आप्रवाह बढेका कारणले आयात वृद्धिदर भने उच्च रहने देखिएको छ ।

विप्रेषण आप्रवाह चालु वर्षमा ६५ प्रतिशतको उच्चदरमा वृद्धि भएको छ । (अमेरिकी डलरमा पनि ५६ प्रतिशतको वृद्धि छ) । विगत दुई वर्षमा वार्षिक २ लाखका दरले नेपाली कामदार वैदेशिक राजेगारीमा गएका छन् भने चालु आर्थिक वर्षमा पनि हालसम्मको मासिक तथ्याङ्कका आधारमा २ लाख नाध्ने अनुमान छ । विप्रेषण आप्रवाहको अंश कुल गार्हस्थ उत्पादनको तुलनामा २० प्रतिशत जति रहेको छ ।

गएको आर्थिक वर्षको अन्तमा भुक्तानी सन्तुलन बचतमा थियो, जस्को परिमाण कुल गार्हस्थ उत्पादनको तुलनामा ३.६ प्रतिशत रहेको थियो । हालसम्म पनि भुक्तानी सन्तुलन, चालु खाता बचतमा रहेका छन् । वैदेशिक मुद्राको संचिती तीन अर्व अमेरिकी डलरभन्दा बढी रहेको छ; जुन परिमाणले ९ महिनाभन्दा बढीको वस्तु तथा सेवाको आयात गर्न पर्याप्त रहेको छ ।

## अन्तरराष्ट्रिय वित्तीय संकटको प्रभाव

नेपाल अन्तरराष्ट्रिय वित्तीय वजारमा पुरै आबद्ध नभैसकेको हुँदा शुरुमा अन्तरराष्ट्रिय वित्तीय संकटको प्रत्यक्ष प्रभाव परेन । भारतमा पूँजीबजारमा भएको बैदेशिक लगानी ठूलो परिमाणमा फिर्ता जाँदा र चिनले निर्यातमा ठूलो ह्रास खेप्नु पर्दा हाम्रा दुवै छिमेकी देशले वित्तीय सङ्कटको प्रत्यक्ष प्रभावमा पर्नु पर्‍यो र त्यसले ती देशको समग्र अर्थतन्त्रको वृद्धिदरलाई खुम्च्याउन पुगेको देखिएको छ । अन्तरराष्ट्रिय बजारमा वस्तुको मुल्य घट्न गएका कारण केही नेपाली उद्योगले घाटा खानु परेको बाहेक शुरुवाती अवस्थामा नेपालमा खासै सङ्कट नपर्ने देखिएको थियो । तर विश्व अर्थव्यवस्था झनै सङ्कटमा पर्दै जान लागेपछि विगत दुई महिनामा पर्यटक आगमनमा र विप्रेषण आप्रवाहमा केही कमी आउन लागेको दे्खिएको छ ।

खासगरी विप्रेषण आप्रवाह प्रभावित हुन गयो भने मुलतः तीनवटा प्रभाव पर्ने देखिन्छ :

(क) वैदेशिक मुद्राको स्रोत कम हुन गई संचितीमा असर पर्ने जस्ले गर्दा आयात क्षमता कम हुन सक्ने । यदि भुक्तानी सन्तुलन लामो अवधि ऋणात्मक रहन गयो भने त्यस्ले नराम्रो स्थिति ल्याउन सक्दछ ।

(ख) बैङ्किंग क्षेत्रको तरलतामा कम हुन सक्ने जस्ले गर्दा अर्थतन्त्रमा लगानी कम हुन सक्ने ।

(ग) विदेशबाट कामदार फर्किदा त्यसैपनि वेरोजगारीको समस्या रहेकोमा यो स्थिति झनै विकराल हुन सक्ने ।

अन्तरराष्ट्रिय वित्तीय संकटबाट पर्न सक्ने उपरोक्त प्रभावलाई न्यूनीकरण गर्न आवश्यक परे वित्तीय घाटा बढाएर भए पनि निकास निर्माणका ठूला परियोजना तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । साथै निजी लगानीलाई बढावा दिन उपयुक्त मौद्रिक नीति र वित्तीय नीति ल्याउन आवश्यक पर्दछ ।

## आर्थिक रुपान्तरणको रणनीति

माथि उल्लेख गरिएको अर्थतन्त्रको वर्तमान परिदृश्यका सन्दर्भमा उच्च आर्थिक बृद्धिको लक्ष्य हासील गरी देशको आर्थिक रुपान्तरण गर्न निम्न रणनीतिहरु अवलम्बन गर्नु पर्ने हुन्छ :

- तत्कालको विश्व आर्थिक सङ्कटको दुष्प्रभावबाट मुक्त हुन र उच्च आर्थिक वृद्धिको आधार तयार गर्न निजी लगानी वृद्धिका लागि उपयुक्त व्यवसायिक वातावरण तयार गर्ने;
- नागरिकको समग्र भलाईका लागि आर्थिक पूर्वाधार तथा सामाजिक सेवा प्रवाहको स्तरमा सुधार गरी आर्थिक वृद्धिको न्यायोचित वितरण गर्ने ;
- विकास कार्यक्रमहरुको कार्यान्वयन क्षमता बढाउने र सरकारी खर्चको प्रभाकारिता वृद्धि गर्ने;
- समष्टिगत तथा वित्तीय स्थायित्व सुनिश्चित गर्ने;

## १. लगानीको वातावरणमा सुधार

सरकारले रोजगारीका अवसरहरुमा व्यापक वृद्धि गर्ने अभिलाषा राखेको छ । यसका लागि सरकारी लगानी मात्र पर्याप्त नहुने हुँदा नजिी क्षेत्रको लगानी वृद्धि गर्न जोड दिनु आवश्यक छ । निजी क्षेत्रको लगानी उच्च दरमा वृद्धि हुन सक्ने वातावरण सिर्जना गर्न निम्न विषयहरुमा ध्यान दिनु आवश्यक भएको छ ।

- शान्ति सुरक्षामा सुधार र आपराधिक गतिविधिमा नियन्त्रण ।

- नीतिगत स्थायित्व र वजार संयन्त्रमा अहस्तक्षेपकारी नीति । वजार संयन्त्रले काम गर्न नसकेका अवस्थामा मात्र सरकारको सक्रियता रहने ।

- श्रमिक हित संरक्षणमा मात्र केन्द्रीत श्रम कानूनको व्यवस्था रोजगारीका अवसरहरु सिर्जना गर्न बाधक रहेको हुँदा श्रमिकको सामाजिक सुरक्षा सहितको लचिलो श्रम नीतिको व्यवस्था । श्रम आयोगको गठन ।

- **व्यवसायमा प्रवेश र निकासमा सहजता** : नयाँ व्यवसाय शुरु गर्न र संकटमा परेको बेला व्यवसायबाट सहजै निकास लिन कानूनी तथा प्रकृयागत सुधार गरिने; दामाशाही ऐनलाई पूर्ण कार्यान्वयनमा ल्याइने; बाणिज्य इजलाशको स्थापना गरिने; सुरक्षित कारोबार ऐनको कार्यान्वयन गरिने ।

- अनुमतिपत्र तथा निरीक्षण प्रणालीमा सुधार गरिने ।

- आयकर, मुल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार प्रशासनमा सुधार गरी समग्र करको वातावरण लगानी–मैत्री तुल्याइने ।

- श्रमिकको उत्पादकत्व वृद्धिका लागि सीप वृद्धि कार्यक्रमहरु संचालन गरिने । निजी क्षेत्रसंग सहकार्य गरी औद्योगिकी पोलिटेक्निक संस्थाहरु स्थापना र संचालन गरिने ।

२. आर्थिक पूर्वाधार तथा सेवा प्रवाहमा सुधार

- सञ्चार तथा सुचना प्रविधि क्षेत्रमा निजी क्षेत्रको सहभागिता वृद्धि गरी दरिलो र भरपर्दो सुचना प्रविधि पूर्वाधार तयार गरिने ।

- सडक सञ्जाललाई  विस्तार र सबै सडकहरुलाई नियमित मरम्मत सम्भार गर्न आर्थिक स्रोतमा कमी हुन नदिइने ।

- उर्जा सुरक्षाका निमित्त निजी क्षेत्रको लगानी वृद्धि गर्न उपयुक्त नीतिगत/कानूनी व्यवस्था गरिने र नेपाल विद्युत प्राधिकरणले गर्ने विद्युत खरीद सम्झौताको दरलाई आकर्षक तुल्याइने ।

- खानेपानी आपूर्ति व्यवस्थामा सुधार ल्याउन शहरी क्षेत्रमा सार्वजनिक–निजी साझेदारीको अवधारणा र ग्रामीण क्षेत्रमा सामुदायिक अवधारणामा कार्यक्रम संचालन गरिने ।

- **सहकारी विकास** : दैनिक उपभोगका अत्यावश्यक वस्तुहरुको आपूर्ति, कृषिजन्य वस्तुको प्रशोधन तथा ्बजारीकरण, ग्रामीण उर्जा, ग्रामीण वित्त, मजदुरहरुको आर्थिक सुरक्षाका लागि सहकारिताको अवधारणा अबलम्बन गर्न सहयोग पु¥याइने ।

- **सार्वजनिक–निजी साझेदारी** : व्यवसायिक दृष्टिकोणबाट सम्भाव्य ठूला पूर्वाधार तथा उर्जा परियोजनाहरुमा सार्वजनिक–निजी साझेदारीको अवधारणा अबलम्बन गरिने ।

- गरिबी निवारण र सामाजिक न्यायको प्रवर्द्धनका लागि यथार्थपरक तथ्याङ्कले ठूलो सहयोग पु¥याउने हुँदा आगामि आर्थिक वर्षमा नेपाल जीवनस्तर सर्वेक्षण गरिने ।

- विकेन्द्रीत निर्णय प्रणाली र वित्तीय विकेन्द्रीकरणमा जोड दिई स्थानीय निकायको जिम्मेवारी, अधिकार र क्षमता बढाइने ।

- बन, सिंचाई, स्थानीय स्वस्थ संस्था तथा विद्यालयहरुको संचालन र व्यवस्थापनमा समुचित स्रोतको प्रावधान सहित सामुदायिक संलग्नता बढाइने । समुदायको सबलीकरणमा जोड दिइने ।

- सामुदायिक विद्यालयहरुमा जाने अनुदानलाई क्रमैसंग प्रति विद्यार्थी अनुदानमा रुपान्तरण गरिने ।

- अत्यावश्यक स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच वृद्धि गर्न यस्तो सेवाको गुणस्तर वृद्धि गर्दै निःशुल्क प्रदान गरिने ।

## ३. <u>कार्यान्वयन क्षमतामा सुधार</u>

- सार्वजनिक खरीद प्रणालीमा थप सुधार गरी विकास निर्माणको काम लागत–प्रभावी ढङ्गले समयमै सम्पन्न गराउन जोड दिइने ।

- नेपाल सरकारको वित्तीय व्यवस्थापनमा सुधार जारी राखिने । सुधारको मुल उद्देश्य दुरुपयोग तथा चुहावट रोक्न केन्द्रीत रहने ।

- अनुगमन तथा मुल्याङ्कन प्रणाली तथा जनउत्तरदायित्वमा सुधार ल्याइने । जनतालाई राम्रो प्रभाव पार्ने उपब्धिहरुको पहिचान गरी ती हासील गराउन अनुगमन सयन्त्रले ध्यान दिने ।

## ४. समष्टिगत तथा वित्तीय क्षेत्रको स्थायित्व

- सरकारी वित्त व्यवस्थापनबाट अर्थतन्त्रमा सकारात्मक योगदान दिन राजस्व चुहावट नियन्त्रण गर्दै सरकारको आन्तरिक स्रोत परिचालन क्षमता वृद्धि गर्ने; सार्वजनिक ऋणलाई बाञ्छित सीमाभित्र राख्ने ; सरकारी खर्चको प्रभावकारिता बढाउन, प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको कमी हुन नदिन र निर्माण आयोजना समयमै सम्पन्न गर्न मध्यावधि खर्च संरचनालाई पुनः अबलम्बन गर्ने र सरकारी वित्तलाई विगतमा ठूलो चाप पारेको पेट्रोलियम पदार्थको मुल्य निर्धारणमा स्वचालित प्रणाली अबलम्बन गर्ने ।

- मुद्रास्फितिलाई बाञ्छित सीमाभित्र राख्दै उच्च आर्थिक बृद्धिको लक्षलाई टेवा पुऱ्याउने र भारतीय मुद्रासंगको सटही दर स्थिर राख्ने उद्देश्यबाट मौद्रिक नीति संचालित हुने ।

- वित्तीय क्षेत्रको स्थायित्व कायम राख्न बैंक तथा वित्तीय संस्थाहरुको अनुगमन प्रभावकारी तुल्याइने ; बैंक तथा वित्तीय संस्था ऐनमा संशोधन गरी विदेशी बैंकहरुसंग प्रतिस्पर्धा गर्न सक्ने गरी बैंकहरुलाई गाभिन प्रोत्साहन गरिने; ग्रामीण क्षेत्रमा वित्तीय पहुँच वृद्धि गरिने र नियतवश ऋण नतिर्नेहरुलाई कडा कारवाई गरिने ।

- **युवा स्वरोजगार कोष** : वाणिज्य बैंक तथा वित्त कम्पनीहरुसंगको सहकार्यमा उद्यमशील युवाहरुलाई स्वरोजगारमा लाग्न सहज रुपमा ऋण उपलब्ध गराउने व्यवस्थालाई विस्तार गरिने ।

- विप्रेषण आप्रवाहको लागत काम गर्न बैंङ्किग सेवाको विस्तार गर्न उपयुक्त टेवा प्रदान गरिने ।

## निश्कर्ष

नेपाल अहिले राजनैतिक मात्रै होइन कि आर्थिक समृद्धिको दिशामा पनि संक्रमणको चरणमा छ । असल आर्थिक नीतिहरुको इमान्दारीपूर्वक कार्यान्वयनबाट मात्र हामीले समृद्धिको अभिलाषा पुरा गर्न सक्दछौं ।

——***——